जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३०   अंक ३७   २०७७ साल भदौं १५ गते सोमबार (31 Aug 2020 Monday)   मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : अत्यावश्यक कामबाहेक बाहिर... ३ पृष्ठमा : कोरोना संक्रमणको उच्च.. ३ पृष्ठमा : इजरायलमा ३० सेकेन्डमै...

# कोरोना संक्रमण पुष्टि भएको दुई घण्टा नबित्दै एक महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १४ भदौं ।**

सप्तरीमा कोरोना संक्रमणबाट शनिबार राती एक महिलाको मृत्यु भएको छ। कोरोना संक्रमण पुष्टि भएको दुई घण्टामै ती महिलाको मृत्यु भएको हो। योसँगै जिल्लामा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ६ पुगेको छ।

राजविराज नगरपालिका २ निवासी ६० वर्षिया महिला स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा शुक्रबार साँझ भर्ना भएकी थिइन्। उनलाई थप उपचारका लागि शनिबार साँझ बिराटनगर लैजादै गर्दा बाटोमै मृत्यु भएको गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाले जानकारी दिए।

ज्वरो तथा स्वासप्रश्वासमा समस्या आएपछि शुक्रबार साँझ उनलाई अस्पतालको आकस्मिक कक्षमा भर्ना गरि उपचार सुरु गरिएको थियो। कोरोनाको लक्षणसमेत देखिएपछि उनको पिसिआर परिक्षण गर्दा शनिबार राती ८ बजे तिर प्राप्त रिपोर्टले उनमा कोरोना संक्रमण भएको पुष्टि भएको थियो।

डा. झाका अनुसार कोरोनाबाट मृत्यु हुने ती जिल्लाकै पहिलो महिला हुन्। यसअघि कोरोनाबाट मृत्यु भएका पाँचै जना पुरुष थिए।

यता जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवका अनुसार कोरोना संक्रमणबाट मृत्यु भएकी ती महिलाको आइतबार बिहान सरकारले तोकेको सुरक्षा मापदण्ड अपनाएर सप्तकोशी किनारमा शव व्यवस्थापन गरिएको छ।

# विद्यालयको फलामे ढोकाले किचिएर बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १४ भदौं ।**

विद्यालयको फलामे ढोकाले किचिएर सप्तरीमा एक ११ वर्षिय बालकको ज्यान गएको छ।

सप्तरीको रुपनी गाउँपालिका ४ छप्की भतौलस्थित आधारभुत विद्यालय प्रवेशद्वारको फलामे ढोका झरेर किचिदा सोही विद्यालयका कार्यालय सहयोगि चन्द्रशेखर प्रमाणिका ११ वर्षिय छोरा उपेन्द्रको शनिबार राती ज्यान गएको हो।

टाउँको र छातीमा गहिरो चोट लागि गम्भिर घाइते भएका उनलाई उपचारका लागि युनिक अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत्यु घोषित गरेका थिए।

स्थानियका अनुसार शनिबार दिउँसो वडा अध्यक्ष छेदी रजकले नेकपा वडास्तरिय भेलाको आयोजना गर्न उक्त विद्यालय प्रयोग गरेका थिए। कार्यक्रम अबेर साँझसम्म

*बाँकी अन्तिम पृष्ठमा*

# २३ जना कोरोना संक्रमितहरु थपिए

**दैनिक समाचारदाता**
**राजविराज, १४ भदौं ।**

सप्तरीमा शनिबार र आइतबार गरि थप २३ जना कोरोनाका संक्रमितहरु थपिएका छन।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकाको एकै परिवारका ११ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। वडा नं. ९ घर भएका ती परिवारको ११ जना एकै पटक संक्रमित पाइएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ।

परिवारका सदस्य मध्ये एक जना पुरुष सवारी चालक रहेका छन्। भदौ ६ गते धरानमा संक्रमण पुष्टि भएपछि उनकै कन्ट्याक्ट ट्रेसिङका आधारमा उनको परिवारका २५ जनाको स्वाब संकलन गरी परीक्षण गरिएको थियो। जस मध्ये ११ जनामा संक्रमण पुष्टि भएको हो।

यसैगरी वडा नं. ७ को एकै परिवारमा २ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। गत ९ भदौमा परिवारका ३४ बर्षीय युवक कोरोना संक्रमित भएका थिए। उनको कन्ट्याक्ट ट्रेसिङको आधारमा उनको परिवारको १० भदौमा स्वाब संकलन गर्दा थप दुई जना पोजेटिभ देखिएको हो।

यस्तै वडा नं. ६ का ४० बर्षिय पुरुष, वडा नम्बर ९ का २७ बर्षिय पुरुष पनि कोरोना पोजेटिभ भएको स्वासथ्य कार्यालयले जनाएको छ।

यसैगरी राजबिराज वडा नं. २ कि ५५ बर्षिया महिला, वडा नम्बर ४ का ३८ बर्षिय, वडा नम्बर ७ का १८ र २८ बर्षिय तथा महादेवा गाउपालिका ६ का ३३ बर्षीय पुरुषको रिपोर्ट पोजेटिभ आएको छ। जस मध्य ५५ बर्षिया महिलाको मृत्यु भइसकेको छ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहेको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवेदनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रव्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**NOVEL CORONA VIRUS (nCOV)**
**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**


ज्वरो
(१००.४°F भन्दा माथि)


श्वास प्रश्वासमा अत्याधिक समस्या


रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।


खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।


फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।


फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।


जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।


पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | prabhu Money Transfer | City Express | IME International Money Express | IME pay | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

## सम्पादकीय

# विषम परिस्थितिको सामना गरौं

मुलुकभर अहिले कोरोना संक्रमितहरु बढिरहेका छन् । विगतका चार महिनाभन्दा तेब्बरको संख्यामा संक्रमितहरु बढिरहेका छन् । महामारी नियन्त्रण तथा रोकथामका लागि विभिन्न स्थानिय तहहरुले आफ्नो अधिकार प्रयोग गर्दै विभिन्न स्थानहरुमा धमाधम निषेधाज्ञा जारि गरेका छन् । समुदायस्तरमै फैलिन गएको कोरोना भाइरस नियन्त्रणका लागि स्थानिय तहले आफै लकडाउन गरेर जनतालाई सुरक्षित रहन अपिल गरेको छ । यसरी दिनप्रतिदिन बढ्दो संक्रमितले मुलुक आक्रान्त बनेको छ । हालसम्म यस महामारीबिरुद्ध कुनै औषधी नबनेकोले समेत मानिसहरु सचेत रहनु बाहेकको विकल्प छैन् ।

महामारी नियन्त्रणको प्रयास विश्वाका सम्पूर्ण राष्ट्रहरु लागिपरेको छ । तर, सफलता भने हात पर्न सकिरहेको छैन् । यस महामारीका कारण अहिले सबैभन्दा बढी बालबालिकाहरु प्रभावित भएका छन् । यस्तो परिस्थितिमा जनताको व्यापार व्यवसायी समेत धरासय बनेको छ भने बेरोजगारी पनि बढेको छ । तसर्थ यस्तो विषम परिस्थितिलाई आंकलन गर्दै आफै सचेत र सजग हुनु पर्ने अवस्था रहेको छ ।

# स्वास्थ्य सेवा नै अप्ठ्यारोमा

काठमाडौँ, १४ भदौ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ को अहिले बढ्दो सङ्क्रमणका कारण नेपालीको स्वास्थ्य सेवा नै अप्ठ्यारोमा परेको जनाएको छ । मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले दैनिक बढिरहेको सङ्क्रमणलाई रोकथाम र नियन्त्रण गर्न सीमित साधन स्रोतले गर्नुपरेकाले अप्ठ्यारो परिस्थितिसँग जुध्नुपरेको बताउनुभएको छ । स्आइतबार मात्र विगत २४ घण्टामा एक हजार २२१ जना सङ्क्रमित फेला परेका छन । तिमध्ये उपत्यकामा मात्र ४२९ जना रहेका छन् भने १४ जना सङ्क्रमणका कारणले निधन भएको छ ।

उहाँले कोभिड-१९ को सङक्रमणबाट समाजलाई बचाउनु सबैको दायित्व रहेकाले सबैले यस कठिन परिस्थितिलाई बुझेर आआफ्नो तर्फबाट रोकथाम र नियन्त्रणका लागि गर्न सकिने सहयोग गर्न अनुरोध गर्नुभयो । उहाँले सरकारले आफ्नो स्रोत साधनले भ्याएसम्म राम्रो सेवा प्रदान गर्न खोज्दा खोज्दै पनि कतिपय बेलामा सङ्क्रमितको अपेक्षा पूरा नभएको बताउनुभयो । एक जना सङ्क्रमित व्यक्तिले तीन हजार व्यक्तिसम्म सङ्क्रमण फैलाउन सक्ने भएकाले हामी सबैले सरकारले तोकेको मापदण्ड पूरा गर्नुपर्ने उहाँको भनाइ थियो ।

**समन्वय गरेर मात्र रिफर गर्न निर्देशन**

मन्त्रालयले सङ्क्रमितको रिफर जथाभावी गरिएको पाइएकाले समन्वय गरेर मात्र गर्न निर्देशन दिएको छ । मन्त्रालयका प्रवक्ता डा गौतमले विभिन्न निजी तथा सामुदायिक अस्पतालले सघन उपचार कक्षमा भएका बिरामी कोभिड-१९ डेडिकेडेट अस्पतालमा रिफर गर्दा समन्वय नगरी रिफर गरिएकाले समन्वय गर्न निर्देशन दिइएको जानकारी दिनुभयो ।

"कतिपय अस्पतालले बिरामी रिफर गर्दा कोभिड-१९ डेडिकेडेट अस्पतालमा शय्या भए, नभएको यकिन नगरी त्यहाँका उपचार गर्ने टिमसँग समन्वय नगरी र स्वास्थ्यकर्मी पनि साथमा नपठाइकन त्यतिकै पठाइएको पाइएको छ", उहाँले भन्नुभयो, "यसरी समन्वय नगरी पठाइएका बिरामीको ज्यान तलमाथि पर्न गएर रिफर गर्ने अस्पताल नै जिम्मेवारी हुनुपर्ने छ ।" उहाँले रिफर गर्दा शय्या खाली भए, नभएको एकिन गर्नुपर्ने बताउनुभयो ।

यस्तै मन्त्रालयले कोभिड-१९ को व्यवस्थापनमा खटिएका चिकित्सक, नर्स र स्वास्थ्यकर्मीको क्वारेन्टिनको व्यवस्था सम्बन्धित अस्पतालले गर्न निर्देशन दिएको छ ।

**नभाग्न आग्रह**

क्वारेन्टिन, आइसोलेशन र अस्पतालबाट भाग्ने गरेको खबरप्रति दुःख व्यक्त गर्दै उपचारमा रहेका सङ्क्रमित भाग्नु खतरा रहेको उहाँले बताउनुभयो । उहाँले आफू, समाज र आफ्ना परिवारलाई सङ्क्रमणबाट जोगाउनका लागि नभाग्न आग्रह गर्नुभयो ।

"अस्पताल, क्वारन्टिन र आइसोलेशनमा घरको जस्तो खानपिन र बस्नेको सुविधा पाउँदैनौ, त्यो पक्कै नै हामीलाई सहज हुँदैन, अहिलेको परिस्थिति त्यस्तो ठाउँमा बस्नु वाध्यता हो", उहाँले भन्नुभयो, "कुनै व्यक्ति आइसोलेशन, क्वारेन्टिन र अस्पतालबाट भाग्नु भनेको उनी आफैँ आफ्नो परिवार समाजलाई सङ्क्रमणको जोखिममा राख्नु हो, त्यसैले भाग्नु हुँदैन ।"

उहाँले सङ्क्रमण फैलन नदिनका लागि सङ्क्रमितका लागि क्वारेन्टिन, अस्पताल र आइसोलेशन नै एक मात्र एउटा उपाय रहेको उल्लेख गर्नुभयो । उहाँले ति ठाउँ भएका सेवा सुविधा सुधार गर्दै जान जिम्मेवार निकायलाई मन्त्रालयले अनुरोध गरिसकेको जानकारी दिनुभयो ।

# एटीएम प्रयोगमा कुनै पनि शुल्क नलिनु : राष्ट्र बैंक

काठमाडौँ, १४ भदौ (रासस) ।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई जुनसुकै संस्थाको एटीएम कार्ड प्रयोग गरे पनि कुनै पनि प्रकारको शुल्क नलिन निर्देशन दिएको छ ।

केन्द्रीय बैंकले कोरोनाका कारण नागरिक बैंक तथा वित्तीय संस्थामा जाने अवस्था नभएकाले जुनसुकै संस्थाको एटीएम प्रयोग गर्न सक्ने भएकाले कुनै पनि प्रकारको शुल्क नलिन निर्देशन दिएको हो ।

यसअघि पनि राष्ट्र बैंकले यस्तै निर्देशन जारी गरेको थियो । गत चैत ११ गतेदेखि जारी गरिएको लकडाउनको समयमा केन्द्रीय बैंकले त्यस्तो निर्देशन दिएको र बैंक तथा वित्तीय संस्थाले समेत पालना गरेका थिए । पछिल्ला दिनमा केही बैंक तथा वित्तीय संस्थाले त्यस्तो व्यवस्थामा पुनः विचार गरी शुल्क लिन थालेका थिए ।

पछिल्लो पटक पुनः काठमाडौँ उपत्यकालगायतका विभिन्न स्थानमा कोरोनाको सङ्क्रमण बढेपछि निषेधाज्ञा जारी गरिएको छ । यस अवस्थामा नागरिकले सहज रूपमा बैंकिङ सेवा लिन पाउन् र कुनै पनि प्रकारको शुल्क तिर्नु नपरोस् भन्ने ध्येयका साथ पुनः निर्देशन दिइएको हो ।

केन्द्रीय बैंकले विद्युतीय भुक्तानी कार्ड जारी गर्दा अपनाउनुपर्ने नीतिगत एवं प्रक्रियागत व्यवस्थानुसार एउटा बैंक तथा वित्तीय संस्थाले जारी गरेका एटीएम कार्ड स्वदेशभित्रै अर्को बैंक तथा वित्तीय संस्थाको एटीएममा प्रयोग गर्दा कार्ड प्रयोगकर्तासँग कुनै शुल्क नलिन भनेको हो ।

यस्तै एटीएम कार्डको अवधि समाप्त हुनुभन्दा १५ दिन अगावै सोको जानकारी ग्राहकलाई दिनुपर्ने र कार्ड नवीकरण शुल्कका बारेमा समेत जानकारी गराउनुपर्ने व्यवस्था गरिएको छ । यस्तै कार्डबाट एक पटकका रु २५ हजार र दैनिक रु एक लाखसम्म रकम झिक्न पाउने व्यवस्था कायमै रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

यी रोगसँ बचबाक लेल की करैय परतई ?

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

आरो ध्यान देववाला बात :

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

अनुरोधकर्ता - हरेराम यादव
अध्यक्ष
रूपनी गाउँपालिका, सप्तरी

# अन्तरराष्ट्रिय उडानको यस्तो छ तयारी

काठमाडौँ, १४ भदौ (रासस)।

अवस्था सामान्य हुन्थ्यो भने मुलुमकको एक मात्र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा दैनिक १२ देखि १५ हजारसम्म हवाई यात्रु आवत जावत र चहलपहलले विमानस्थलको रौनकता छाउनेथियो ।

अहिले परिस्थिति अनुकूल छैन । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ महामारीको प्रभावले नेपालको अन्य क्षेत्रजस्तै सबैभन्दा प्रभावित हवाई क्षेत्र हो । जहाँ पाँच महिनादेखि व्यवसायिक उडान भएका छैनन् । अन्तरराष्ट्रिय मात्र नभई आन्तरिक उडान पनि ठप्प छ ।

कोभिड-१९ नियन्त्रणका लागि लागू गरिएको बन्दाबन्दी र पछिल्लो पटकको निषेधाज्ञाले ठिक पाँच महिना व्यवसायिक उडान भएनन् । गत चैत ११ देखि साउन ६ सम्म बन्दाबन्दी र त्यसपछि साउनको अन्तिम सातादेखि भदौं १७ सम्म निषेधाज्ञा थपिएको छ। राजधानी काठमाडौँसहित देशभर कोरोनाका सङ्क्रमित बढेपछि सरकारले निषेज्ञाज्ञा जारी गरेको हो । यस बीचमा विदेशमा अलपत्र नेपालीको उद्धार र कार्गोका लागि सीमित उडान भए । बन्दाबन्दीको पाँच महिनापछि यही भदौँ १६ देखि नियमित अन्तरराष्ट्रिय उडान हुँदैछन् ।

नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले तालुकदार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले बनाएको उडान तालिका अनुरुप उडानका लागि आवश्यक सम्पूर्ण तयारी भएको जनाएको छ । पर्यटन मन्त्रालयले यही भदौँ १६ अर्थात सेप्टेम्बर १ देखि ३० सम्म हुने एक महिनाको अन्तरराष्ट्रिय उडान तालिका सार्वजनिक गरिसकेको छ । एक महिनामा ६० वटा नियमित उडान र २७ वटा चार्टर्ड उडान हुनेछन् । नेपालका दुई नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्ससहित १० विदेशी एयरलाइन्स गरी जम्मा १२ एयरलाइन्सले अन्तरराष्ट्रिय उडान गर्ने प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका प्रवक्ता राजकुमार क्षेत्रीले भदौं सेप्टेम्बर १ देखि हुने नियमित अन्तरराष्ट्रिय उडान तथा चार्टर्ड उडानको सम्पूर्ण तयारी भएको बताउनुभयो । उहाँका अनुसार अन्तरराष्ट्रिय उडान हुने भएपनि आन्तरिक उडान कहिलेबाट शुरु गर्ने भन्ने अझै निष्कर्षमा पुगिएको छैन । नियमित अन्तरराष्ट्रिय उडनको तयारीमा विमानस्थल सम्पूर्ण रुपले जुटेको छ । त्यसोत, पाँच महिनादेखिनै विमानस्थल सुरक्षित उडानका लागि पूर्णतः तयारी अवस्थामा छ ।

सरकारले सहजै रुपमा कोरोना परीक्षण गर्न पाउने मुलुकबाट नियमित उडान र अन्य मुलुकबाट चार्टर उडान गर्ने शर्तसहित अन्तरराष्ट्रिय उडान सुरु गर्ने निर्णय गरेको थियो । दैनिक ५०० यात्रु नबढ्नेगरी अन्तरराष्ट्रिय उडान हुनेछ । विश्व स्वास्थ्य सङ्गठन(डब्लुएचओ) र अन्तरराष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) मापदण्डमा रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा विमानस्थलले सुरक्षित उडान सञ्चालनका लागि स्वास्थ्य प्रोटोकल लागू गरेको छ ।

विमानस्थलका महाप्रवन्धक देवेन्द्र केसीले डब्लुएचओ र आइकाओको मापदण्डमा रहेर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा यात्रुलाई सुरक्षित बनाउन विमानस्थल सञ्चालन गर्दा अपनाउनुपर्ने सावधानीबारे आवश्यक तयारी गरिएको जानकारी दिनुभयो । विमानस्थलले सुरक्षित हवाई उडानका लागि कर्मचारी व्यवस्थापनदेखि यात्रुलाई सुरक्षित गर्ने सबैखाले तयारी गरेको उहाँले बताउनुभयो ।

उहाँका विमानस्थलमा सामान्य अवस्थामा अन्तरराष्ट्रिय उडानतर्फ दैनिक १२ देखि १५ हजार यात्रु आवत जावत गर्थे । अन्तरराष्ट्रियतर्फ आवागमन र प्रस्थान दुबै गरी दैनिक ७० देखि ९० सम्म उडान हुन्थे । त्यस्तै आन्तरिकतर्फ ३०० भन्दा बढी उडान हुने गरेको थियो । अहिले नियमित अन्तरराष्ट्रिय उडान दैनिक दुईदेखि तीन वटा मात्रै हुनेछन् । चार्टर्ड उडान पनि सञ्चालन हुने भएकाले विमानस्थलले आवश्यक जनशक्ति र स्रोत साधनको प्रयोग गर्ने जनाएको छ ।

अन्तरराष्ट्रिय उडान शुरु हुने भएपछि विमानस्थल तथा वायुसेवा प्रदायक कम्पनीले कोभिड-१९ सङ्क्रमणबाट सुरक्षित उडानका लागि स्वास्थ्य प्रोटोकल पालनालगायत सबैखाले तयारी गरिसकेका छन् । यात्रुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै विमानस्थलले आवश्यक स्वास्थ्य मापदण्डका आधारमा विमानस्थलमा खटिने कर्मचारीलाई, पिपिई, मास्क, स्यानिटाइजरको व्यवस्था गरिएको छ । जहाजबाट यात्रु ओर्लेपछि अन्तरराष्ट्रिय टर्मिनल भवन प्रवेश गर्नुपहिले आगमन कक्षाको बाहिरपट्टि स्यानिटाइजर बुथ राखिएको छ । यात्रुले भौतिक दूरीका साथ लाइनमा बसेर सेनिटाइज भई आगमन कक्षबाट भित्रिन्छ । अध्यागमन प्रक्रिया गर्नेक्रममा पनि बिचमा पनि स्यानिटाइजर प्रयोग, स्वास्थ्य डेस्कको प्रक्रिया पुरा गरेर मात्रै यात्रु विमानस्थलबाट बाहिरिनेछन् । विमानस्थलले यात्रु आवत जावत गर्ने हरेक स्थानमा दूरी कायम गर्ने, स्यानिटाइजर प्रयोग गर्ने व्यवस्था मिलाएको छ । अध्यागमनदेखि हेल्थ डेस्कको प्रक्रिया पालना गर्दा तथा शौचालय र अन्य स्थानमासमेत स्यानिटाइजरको व्यवस्था गरिएको छ ।

यात्रुसँग प्रत्यक्ष साक्षात्कार हुने सबैखाले जनशक्तिलाई विमानस्थलले स्वास्थ्य सुरक्षाका आवश्यक सामग्रीको व्यवस्था गरेको छ । महामारीबाट बचेर सुरक्षित उडानका लागि अन्तरराष्ट्रिय विमानस्थल नयाँ अत्याधुनिक संरचनाकासाथ सञ्चालनको तयारीमा छ । विमानस्थलको क्षमता अभिवृद्धिका साथै सेवा सुविधालाई स्तरीकरण गर्नेगरी अत्यावस्यक थपिएका संरचनाले विमानस्थलको स्वरुप पनि बदलिएको छ । विकसित मुलुकका सुविधा सम्पन्न विमानस्थलको झल्को दिनेगरी अन्तरराष्ट्रिय विमानस्थलको संरचना थप्नुका साथै सेवा विस्तार र स्तरीकरणको कार्यभएको हो ।

पछिल्लो पटक विमानस्थलको नयाँ संरचना र उडान व्यवस्थापकीय तयारीबारे पर्यटनमन्त्री योगेश भट्टराईले निरन्तर अवलोकन र निर्देशन दिदैँ आउनुभएको छ । विमानस्थलबाट बाहिरिनेक्रममा आकर्षक अत्याधुनिक भौतिक संरचनाले विमानस्थलको सौन्दर्यता थपेको छ । अहिले विदेशबाट आउने यात्रुले टलक्क टल्केको चिटिक्क नयाँ भवनको बाटो भएर बाहिरिनेछन् ।

यही भदौँ १६ देखि हुने नियमित अन्तरराष्ट्रिय उडान सञ्चालनताका लागि अहिले बनिरहेका सबै संरचनाको उपयोग गरिनेछ । अन्तरराष्ट्रिय विमानस्थलबाट तीन नेपालीसहित ३० वायु सेवा प्रदायक कम्पनीले अन्तरराष्ट्रिय उडान भर्दै आएका छन् ।

## थपिए एक हजार २२१ कोरोना संक्रमित

काठमाडौँ, १४ भदौ (रासस)।

काठमाडौँ उपत्यकासहित देशभर आइतबार हालसम्मकै बढी कोभिड-१९ (कोरोना भाइरस) का सङ्क्रमित भेटिएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा देशभर एक हजार २२१ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । उनीहरूमध्ये ३४८ महिला र ८७३ पुरुष छन् ।

यस्तै काठमाडौँ उपत्यकामा पछिल्लो २४ घण्टामा ४२९ कोरोनाका सङ्क्रमित भेटिएका छन् । तीमध्ये काठमाडौँमा ३७२, ललितपुरमा १२ र भक्तपुरमा ४५ सङ्क्रमित देखिएको मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा जानकारी दिइयो । यसअघि सबैभन्दा बढी देशभर एकै दिन एक हजार १११ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको थियो । काठमाडौँ उपत्यकामा पनि आइतबारको कोरोना सङ्क्रमितको सङ्ख्या हालसम्मकै बढी हो ।

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाना नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# विश्व समाचार

## भारतमा एकै दिनमा करिब ७९ हजार व्यक्ति संक्रमित

नयाँ दिल्ली, १४ भदौ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितहरुको सङ्ख्या वृद्धि हुँदै गइरहेको छ ।

सरकारी अधिकारीहरुले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा अहिलेसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भएका छन् । भारतको संघीय स्वास्थ्य मन्त्रालयले पछिल्लो २४ घण्टामा ७८ हजार ७६१ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएको जानकारी दिएको छ ।

मन्त्रालयले आइतबार विहान सार्वजनिक गरेको तथ्याङ्क अनुसार योसँगै भारतका कुल सङ्क्रमितहरुको सङ्ख्या ३५ लाख ५० हजारको नजिक पुगेको छ ।

पछिल्लो एक दिनको ख्स्विवरणमा कोरोनाका कारण मृत्यु भएकाहरुको सङ्ख्या ९४८ रहेको उल्लेख गरिएको छ ।

भारतमा कोरोनाका कारण सङ्क्रमित भएकामध्ये सात लाख ६५ हजार ३०२ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् ।

कूल सङ्क्रमित मध्ये २७ लाख १३ हजार ९३४ जना भने सङ्क्रमणमुक्त भइसकेको मन्त्रालयका अधिकारीहरुले जनाएका छन् ।

भारतमा कोरोनाका कारण अहिलेसम्म ६३ हजार ४९८ जनाको मृत्यु भएको मन्त्रालयको विवरणमा उल्लेख गरिएको छ ।

कोरोनाभाइरसबाट विश्वमै धेरै प्रभावित देशहरुको सूचीमा रहेको भारतमा सबैभन्दा धेरै महाराष्ट्र प्रदेश प्रभावित भएको छ ।

महाराष्ट्रमा मात्रै अहिलेसम्म एक लाख ८५ हजार ४६७ जना सङ्क्रमित भएको अधिकारीहरुले जानकारी दिएका छन् । त्यसपछि धेरै आन्द्र प्रदेश, दिल्ली प्रदेश र कर्नाटक प्रदेश क्रमशः रहेका छन् ।

## इस्लामिक स्टेटसँगको युद्धमा एक हप्तामा ४८ सैनिकको मृत्यु

दमास्कस, १४ भदौ (रासस/सिन्ह्वा)।

सिरियाली इस्लामिक स्टेट (आईएस) लडाकूको प्रभाव क्षेत्र मानिने पूर्वी प्रान्त देइर अल-जौरको सुख्खा क्षेत्रमा सरकारी सेना र आइएसबीच भएका सशस्त्र भिडन्तमा एक हप्ताको अन्तरालमा कम्तीमा ४८ सिरियाली सैनिकको मृत्यु भएको सिरियाली युद्ध अनुगमनकारी संस्थाहरूले जनाएका छन् ।

आइएसमाथि रूसको सहयोगप्राप्त सिरियाली सेनाले हवाई आक्रमणहरू समेत गरेको थियो । आइएस लडाकूतर्फ २२ र सरकारी ४८ सैनिकको मृत्यु भएको 'सिरियन अब्जरभेँटरी फर ह्युमन राइट्स'ले जनाएको छ । आक्रमणपछि सरकार समर्थक ५२ लडाकू पनि सम्पर्कमा नआएको बताइएको छ ।

बेलायतस्थित सिरियाली मानवअधिकारवादी संस्थाका अनुसार उक्त आक्रमणमा रुसको सहयोगमा विद्रोहीविरूद्ध हवाई आक्रमणसमेत भएको थियो ।

सिरियाली आइएस समूहले मुलुकका अन्य भागमा नियन्त्रण गुमाइसकेको भए पनि दुर्गम पूर्वी होम्स र देइर अल-जौर प्रान्तलाई अझै आफ्नो प्रभाव क्षेत्रका रूपमा जोगाउन सफल छ ।

## कोरोनाभाइरसबाट विश्वभरी दुई करोड ५० लाखभन्दा बढी संक्रमित

मेरिल्याण्ड, १४ भदौ (रासस/एएनआई/सिन्ह्वा)।

कोरोनाभाइरसबाट विश्वभरी सङ्क्रमितहरुको सङ्ख्या दुई करोड ५० लाखभन्दा बढी भएको छ ।

जोन हकिङ्गस विश्वविद्यालयले आइतबार दिएको जानकारी अनुसार विश्वभरी कुल सङ्क्रमितको संख्या दुई करोड ५० लाख नौ हजार २५० पुगेको हो ।

कुल सङ्क्रमितमध्ये आठ लाख ४२ हजार ७०२ जनाको कोरोनाका कारण मृत्यु भएको पनि विश्वविद्यालयले जनाएको छ ।

मृत्यु भएकामध्ये सबैभन्दा धेरै अमेरिकी रहेको पनि विवरणमा उल्लेख गरिएको छ । त्यसैगरी सङ्क्रमित हुनेहरुमा पनि अमेरिकीहरु नै सबैभन्दा धेरै रहेका छन् ।

पछिल्लो विवरण अनुसार अमेरिकामा ६१ लाख ३९ हजार ४६६ जना सङ्क्रमित भएका छन् भने एक लाख ८६ हजार ८५७ जनाको मृत्यु भएको छ ।

त्यसैगरी दोस्रो धेरै प्रभावित भएको ब्राजिलमा ३८ लाख ४६ हजार ९६५ जना सङ्क्रमित हुदाँ एक लाख २० हजार ४९८ जनाको मृत्यु भएको छ ।

त्यस बाहेक धेरै सङ्क्रमित भएका देशहरुमा क्रमशः भारत, रुस, पेरु, दक्षिण अफ्रिका, कोलम्बिया, मेक्सीको, स्पेन र चिली रहेका छन् । यद्यपि मृत्यु सङ्ख्या भने अमेरिका, ब्राजिलपछि मेक्सिको धेरै रहेको छ ।

# सर्वोच्चको आदेशमा सप्तरी जिल्ला अदालतबाट चन्द समूहकी नेतृ उमा भुजेल र सुमन सिंह रिहा

**दैनिक समाचारदाता**
**राजविराज, १४ भदौं ।**

नेत्रविक्रम चन्द समूहकी नेतृ उमा भुजेल र सुमन सिंह पौडेललाई सर्वोच्च अदालतको आदेशमा आइतबार जिल्ला अदालत सप्तरीले रिहा गरेको छ ।



सर्वोच्च अदालतबाट बन्दी प्रत्यक्षीकरणको रिट जारि हुँदा थुनामा रहेका सम्बन्धीत जिल्लाको न्यायाधिशको रोहबरमा थुना मुक्त गर्नु भनी आदेश भएअनुसार भुजले र पौडेललाई सप्तरी जिल्ला अदालतका न्ययाधिश चन्द्रमणी दवाडी र सप्तरी जिल्ला बार एशोसिएशनका अध्यक्ष डोमन साहको रोहबरमा रिहा भएका हुन् ।

उनीहरु रिहा भएलगत्तै पुनः पक्राउ गर्ने तयारीका साथ अदालत बाहिर ठूलो संख्यामा प्रहरी पुगेका थिए । तर, कानुन व्यवसायीहरुको सहयोगमा भुजेल र पौडेललाई अदालतको पछाडी पटीको गेटबाट सुरक्षित निकालेर आफन्तको जिम्मा लगाइएको सप्तरीका बार एशोसिएशनका अध्यक्ष डोमन साहले बताए ।

यसअघि सुनसरी जिल्लामा भुजेल र पौडेलमाथी राज्य बिरुद्धको कसुर, विस्फोटक पदार्थ र संगठित अपराध निवारण ऐन अन्तरगत मुद्दा चलाइएको थियो । गत बुधबार उनीहरुलाई सुनसरीबाट पक्राउ गरि जिल्ला प्रहरी कार्यालय सप्तरी ल्याइएको थियो ।

उक्त मुद्दामा सुनसरी जिल्ला अदालतले साधारण तारेखमा छोड्ने आदेश दिएको थियो । अदालत परिसरबाट बाहिरिए लगत्तै सुनसरी प्रहरीले पक्राउ गरि सप्तरी प्रहरीलाई बुझाएको थियो । दुबै जनालाई सप्तरी जिल्ला अदालतबाट १५ दिनको म्याद थप गराई आवश्यक अनुसन्धान थालिएको थियो । उनी दुबै माथी इलाका प्रहरी कार्यालय कंचनपुरले अभद्र व्यवहारमा मुद्दा चलाएको थियो ।

# प्रदेश नं २ मा दुईको मृत्यु

जनकपुर, १४ भदौ (रासस) ।

प्रदेश नं २ मा पछिल्लो २४ घण्टामा कोरोना सङ्क्रमणबाट दुई जनाको मृत्यु हुनुका साथै २२७ जना नयाँ सङ्क्रमित थपिएका छन् । सो अवधिमा सप्तरीमा एक ६० वर्षीया महिला र रौतहटमा एक ३० वर्षीय पुरुष गरी दुई जनाको मृत्यु भएको सामाजिक विकास मन्त्रालयले आइतबार जानकारी गराएको छ । यो प्रदेशबाट अहिलेसम्म कोरोनाको सङ्क्रमणबाट ८६ जनाको मृत्यु भइसकेको हो ।

सोही अवधिमा सप्तरीमा चार, सिरहामा दुई, धनुषामा ७१, महोत्तरी र सर्लाहीमा ३५/३५ जना, रौतहटमा एक, बाराबाट ३० र पर्सामा ४९ जना गरी २२७ जना नयाँ सङ्क्रमित थपिएका हुन् । आइतबार थपिएका सङ्ख्यासमेत गरी यस प्रदेशमा सङ्क्रमितको सङ्ख्या १० हजार २२ पुगेको छ । सोमध्ये आइतबार ११४ जना उपचार गराई निको भएर घर फर्केका छन् । अब उपचार गराई निको भएर घर फर्केनेको सङ्ख्या चार हजार ८४९ पुगेको छ ।

यस प्रदेशअन्तर्गतका १९६ क्वारेन्टिनमा ६९८ जना बसेका छन् भने होम क्वारेन्टिनमा दुई हजार ५७२, आइसोलेसनमा एक हजार ३२ र होम आइसोलेसनमा चार हजार ५५ जना रहेको सो मन्त्रालयले जनाएको छ ।

## *विद्यालयको फलामे ...*

चलेको थियो । कार्यक्रमका सहभागिहरु कार्यक्रम सकाएर फर्किएपनि ढोका भने खुल्लै छाडेका थिए ।

ढोका खुल्ला देखेपछि विद्यालयमै रहेका उपेन्द्र ढोका लगाउन गएका थिए । सोही क्रममा अचानक ढोका उनको शरीरमा झरेर सो दुर्घटना भएको प्रहरीले जनाएको छ ।

यता गाउँपालिकाका अध्यक्ष हरेराम यादवले दुई महिनाअघि मात्र विद्यालयको प्रवेशद्वारमा उक्त ढोका जडान गरिएको आफूलाई जानकारी प्राप्त भएको बताए । ढोका जडान गर्ने र गराउने तथा विद्यालयमा कार्यक्रम गरि ढोका खुल्लै छाडी हिड्ने दुबै पक्षको लापरवाही देखिएको उनले बताए ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सावर्जनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री -उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी  बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

अनुरोधकर्ता - **मनोज बहरखेर**
**अध्यक्ष**
**तिरहुत गाउँपालिका, सप्तरी**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit Quick & Easy, PRABHU Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*